नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

### कार्यक्रम समन्वय इकाई

सिंहदरवार, काठमाडौं

प.सं. : २०७७/७८
च.नं.: ६६

मितिः २०७७।०६।२६

विषयः सूचना प्रविधि अधिकृतको तलब सोधभर्ना सम्बन्धमा ।

श्री स्थानीय तह,
सबै ।

प्रस्तुत विषयमा स्थानीय तहमा नियुक्त भइ कार्यरत सूचना प्रविधि अधिकृतहरुको तलब मध्ये यस कार्यक्रमको तर्फबाट आ.ब. २०७७।७८ को पहिलो किस्ता रकम सोधभर्ना पठाउने प्रयोजनको लागि देहायका कागजातहरु plgsp.gov.np/itosalary-1 मा अपडेट गरिदिनुहुन अनुरोध छ । रकम Digital transfer गर्दा खाताको नामको हिज्जे (spelling) र पुरा खाता नम्बर फरक परेमा बैकको system ले खातामा रकम जम्मा नगर्ने भएकोले पुरा विवरण आवश्यक भए सम्बन्धित बैकवाट समेत एकिन गरी पठाइदिनुहुन अनुरोध छ ।

<u>पठाउनुपर्ने विवरण</u>

१. सूचना प्रविधि अधिकृतसंगको चालु आ.ब.को लागि नवीकरण भएको करारनामा पत्रको प्रतिलिपी
२. २०७७ असार महिना देखि २०७७ असोज महिना सम्मको प्रमाणित हाजिरी विवरण
३. रकम पठाउने बैक खाताको विवरण

नोट : यसभन्दा अघि पठाएको खाताको विवरण परिवर्तन भएमा परिवर्तित विवरण र परिवर्तन नभएको भए साविककै विवरण सिष्टममा अपडेट गरिदिनुहोला । विवरण प्राप्त भएपछि मात्र सोधभर्ना रकम पठाइने व्यहोरा अनुरोध छ ।

६।२६

बसन्तराज पौडेल
लेखा अधिकृत